**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

झापा गाउँपालिका

# झापा गाउँपालिका राजपत्र

खण्ड : ४ संख्या : १६ मिति : २०८०/०२/०८

**भाग-२**

**झापा गाउँपालिका**

## झापा गाउँपालिकाको कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धि कार्यविधि, २०८०

आज्ञाले,

गजेन्द्र थपलिया

प्रमुख प्रशासकीय अधिकृत

<u>झापा गाउँपलिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०</u>

१.प्रस्तावना :

झापा गाउँपालिकाको स्थानीय सेवा प्रवाहलाई सक्षम, सेवामुलक, सुशासनमुखी, उत्तरदायी, सहभागितामुलक, सुदृढ एबं प्रभावकारी र व्यवसायिक बनाउन झापा गाउँपालिकाका स्थानीय सेवाका स्थायी कर्मचारीको तह वृद्धिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले कोशी प्रदेशबाट जारी भएको **"स्थानीय सेवाको गठन सञ्चालन र सेवा शर्तहरुको सम्बन्धमा व्यवस्था गर्न जारी गरिएको अध्यादेश, २०८०"** मा भएको व्यबस्थालाई कार्यान्वयनका लागि सोहि दफा १५४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"झापा गाउँपलिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८०"** हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**३. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यादेश"** भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवाको गठन संचालन र सेवाको शर्तहरु सम्बन्धमा व्यबस्था गर्न जारी गरिएको अध्यादेश, २०८० लाई सम्झनुपर्दछ ।

(ख) **"कर्मचारी"** भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका, अन्य सेवाबाट समायोजन भई आएका र संघीय लोक सेवा आयोगबाट सिफारिस भई आएका सम्पूर्ण स्थायी कर्मचारीहरु तथा दोहोरो सहमति लिई वा नलिई विभिन्न कार्यालयबाट कामकाजमा खटिई आएका कर्मचारीहरु समेतलाई सम्झनुपर्दछ ।

(ग) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) **"गाउँपालिका"** भन्नाले झापा गाउँपलिकलाई सम्झनुपर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले झापा गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले झापा गाउँपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(छ) **"कार्यविधि"** भन्नाले झापा गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनुपर्दछ ।

(ज) **"कार्यालय"** भन्नाले झापा गाउँपालिकाको कार्यालय र उक्त कार्यालय अन्तर्गतका कार्यालयहरु समेतलाई सम्झनुपर्दछ ।

(झ) **"निकाय"** भन्नाले नेपालको संविधान, प्रदेश कानून तथा स्थानीय कानून बमोजिम स्थापित झापा गाउँपालिका अन्तर्गतका आयोग, सचिवालय, निर्देशनालय, प्रतिष्ठान, प्राधिकरण, कार्यालय, तालिम केन्द्र तथा गाउँपालिकाले राजपत्रमा सूचना गरी तोकेको निकाय सम्झनुपर्दछ ।

(ञ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई जनाउँदछ ।

(ट) **"प्रदेश किताबखाना"** भन्नाले कोशी प्रदेशको प्रदेश किताबखानालाई सम्झनुपर्दछ ।

(ठ) **"कोष तथा लेखा नियन्त्रकको कार्यालय"** भन्नाले कोशी प्रदेशको कोष तथा लेखा नियन्त्रक कार्यालय वा सो अन्तर्गतका शाखा वा इकाई समेतलाई सम्झनुपर्दछ ।

(ड) **"समिति"** भन्नाले दफा ६ बमोजिम गठित तह वृद्धि सिफारिस समितिलाई सम्झनुपर्दछ ।

**४. सूचना प्रकाशन गर्ने :** (१) अध्यादेश बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीको तहवृद्धिका लागि गाउँपालिकाले प्रत्येकवर्षको जेठ महिना र मंसिर महिनाको अन्तिम साताभित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुका लागि कम्तिमा ३० दिनको म्याद दिई दरखास्त आह्वान सम्बन्धि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचनापाटी, सबै वडा कार्यालयहरुको सूचनापाटी र गाउँपालिकाको वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम र दफा ८ को उपदफा (१६) बमोजिम एकपटकको लागि स्वतः तहवृद्धि गर्न कुनै सूचना प्रकाशन गर्नुपर्ने छैन ।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तहवृद्धिका लागि सम्भाव्य उम्मेद्वारहरुले अनुसुची १ को ढाँचामा कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम दरखास्त पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः

क. सेवा अवधि प्रमाणित भएको कार्यालयको पत्र,

ख. जुन तहमा तहवृद्धि हुने हो सो तहभन्दा कम्तिमा एक तह मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रतिलिपीहरु,

ग. गयल कट्टी नभएको, सेवा निरन्तरता रहेको, विभागीय कारबाहीमा नपरेको, अध्ययन/असाधारण विदामा नबसेको स्वघोषणा पत्र,

घ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपी (आवश्यक हुनेको हकमा),

ङ. समितिले तोकेको अन्य कागजातहरु ।

**५. सिफारिस समिति :** (१) अध्यादेश तथा कार्यविधि बमोजिम तहवृद्धिका लागि सिफारिस गर्नका लागि प्रत्येक आर्थिक वर्षमा अध्यादेशको दफा २८ को उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले तोकेको एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तहवृद्धि सिफारिस समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको सचिवालयको रुपमा कार्यालयको कर्मचारी प्रशासन हेर्ने शाखाले काम गर्नेछ ।

(३) समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :** (१) यस कार्यविधि बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धी गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधी पूरा भएका, पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समुह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः

| क्र.स. | हाल | तहवृद्धि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|

| | को तह | हुने तह | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
|---|---|---|---|---|
| १ | पाँचौं | छैठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ उत्तीर्ण | स्वास्थ्यसेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २ | सातौं | आठौं | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) यस कार्यविधि बमोजिम कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मुल्याङ्कनद्वारा बढुवा हुने पदहरुमा बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेद्वार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तिमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः

| क्र.स. | बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १ | अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको | स्वास्थ्य सेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

| | | | | |
|---|---|---|---|---|
| २ | सहायक पाँचौं | सहायक चौथो तहमा कम्तिमा तीन वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसंग सम्बन्धित विषयमा कम्तिमा एस. ई. ई. वा सो सरहं उत्तीर्ण गरेको | स्वास्थ्यसेवा सम्बन्धी सङ्घीय कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

**७. सिफारिस गर्नेः** (१) कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम प्राप्त दरखास्त तथा अन्य कागजातहरु समितिले जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त फारम तथा अन्य कागजात जाँचबुझ गर्दा निम्न बमोजिम मापदण्ड पुरा भएको देखिएमा समितिले कर्मचारीको तहवृद्धिका लागि सिफारिस गर्नुपर्नेछः

क. हाल वहाल रहेको पदमा न्यूनतम ५ वर्ष सेवा अवधि पुरा भएको,

ख. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषतमा नब्बे प्रतिशत भन्दा बढी अंक प्राप्त गरेको,

ग. अध्यादेशको दफा २८ को उपदफा (१) तथा दफा २९ को उपदफा (१) बमोजिमको शैक्षिक योग्यता हासिल गरेको,

घ. नसिहतको सजाय पाएको भए सो सजाय पाएको एक वर्ष पुरा भएको, तलबवृद्धि वा बढुवा रोक्का भएको भए सो अवधि पुरा भएको,

ङ. असाधारण विदामा नबसेको,

च. निलम्बनमा नभएको,

छ. पेसा सम्बन्धि व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको अवधि नसकिएको (आवश्यक हुनेको हकमा)

(३) उपदफा (१) बमोजिम सिफारिस गर्दा कुनै उम्मेद्वार तहवृद्धिका लागि सिफारिस नभएमा तहवृद्धिका लागि सिफारिस नहुनाको कारण जनाई निजलाई जानकारी गराउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम सिफारिस गर्दा तहवृद्धि हुने पद, तह, सेवा, समूह, ज्येष्ठता लागू हुने मिति समेत खुलाई सिफारिस गर्नुपर्नेछ ।

**८. तहवृद्धि सम्बन्धि विशेष व्यवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि,

(१) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा बाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौं र सातौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रकृया पूरा गरि एक पटकका लागि क्रमशः छैठौं र आठौं तहमा एक तह वृद्धि गरिनेछ।

(२) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय सेवाको छैठौं तहको पदमा सिफारिस भई नियुक्ती भई सकेका कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा एक पटकका लागि सातौं तह कायम गरिनेछ।

(३) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिम तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियूक्ति पत्र दिनु पर्नेछ।

(४) अन्यत्र पालिकाबाट यस पालिकामा कामकाजमा खटिई आएका कर्मचारीहरुको तह वृद्धि दरबन्दी रहेको कार्यालयबाट हुने र यस पालिकाबाट अन्यत्र कामकाजमा गएका कर्मचारीहरुको तह वृद्धि यसै कार्यविधि बमोजिम हुनेछ ।

**९. ज्येष्ठता कायमः** (१) तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट ज्येष्ठता कायम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम तहवृद्धि हुने कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ती पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

तर, संघीय लोक सेवा आयोगबाट छैठौ तहको पदमा सिफारिस भई नियुक्ति भएका कर्मचारीलाई अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम सातौं तहमा तह वृद्दि गर्दा छैठौं तहको पदमा स्थायी नियुक्ति पाएको मिति देखि लागु हुने गरि ज्येष्ठता कायम गरिनेछ ।

**१०. बाधा, अड्काउ फुकाउनेः** (१) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा वाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

**११. तहवृद्धि गर्न नहुनेः** (१) अध्यादेशको दफा ३१ बमोजिमको अवस्थामा रहेको कर्मचारीलाई उक्त अवस्था रहेको अवधिभर तहवृद्धि गर्न हुने छैन ।

**१२. जानकारी दिनु पर्नेः** (१) यस दफा बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

(२) कार्यविधिको दफा ७ तथा दफा ८ बमोजिम तहवृद्धिका लागि सिफारिस भएका कर्मचारीलाई सिफारिस भएको ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसुची २ बमोजिमको ढाँचामा तहवृद्धि भएको पत्र दिनुपर्नेछ ।

**१३. उजुरी/गुनासो सम्बन्धमाः** (१) कार्यविधि बमोजिम तहवृद्धिको निर्णय उपर चित्त नबुझेमा तहवृद्धिको सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** (१) यो कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयमाको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

झापा गाउँपालिका

अनुसुची १

| फाराम दर्ता नं<br>मितिः |
|---|

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**झापा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

(तहवृद्धि आवेदन फाराम)

| उम्मेद्वारको हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी शाखा प्रमुखबाट प्रमाणित गर्नुपर्ने |
|---|

१. सूचनाको विवरणः

| | |
|---|---|
| तहवृद्धिको सूचना नम्बरः ............................. | मितिः................................. |
| सेवा/समूहः.............................. | तहवृद्धि हुने तहः.................... |

२. उम्मेद्वारको विवरणः

३. सेवाको विवरणः (शुरुदेखि हालसम्मको)

| | |
|---|---|
| उम्मेद्वारको नाम,थर (देवनागरीमा)............................................... | |
| उम्मेद्वारको नाम,थर(अंग्रेजी ठूलो अक्षरमा)...................................... | |
| ठेगानाः...................................... | वहालमा रहेको कार्यालयः......................... |
| जन्म मितिः................................ | |
| बाबुको नाम.............................. | हालको सेवाः...................................... |
| आमाको नामः............................... | समूह/उपसमूहः................................. |
| बाजेको नामः................................ | पदः............................................ |
| नागरिकता प्रमाणपत्र नं.................. | कर्मचारी संकेत नं.............................. |
| जारी जिल्लाः ................................ | मोबाइल नं...................................... |

| क्र.सं | पदको नाम, श्रेणी/तह, सेवा, समूह/उपसमूह | कार्यालयको नाम | नियुक्ती वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए सोको अवधि | | कसरी आएको (खुल्ला, बढुवा, समायोजन/सरुवा) | स्थायी नियुक्ती गर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |

४. हालको तहमा वा समायोजन हुनु भन्दा पहिलाको समान तहको पदमा तहवृद्धिको लागि आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने अवधि......................वर्ष, ..........महिना, ............दिन

५. तहवृद्धिका लागि योग्य भए/नभएको अवस्थाः

क. विभागीय कारबाही भएको/नभएको ........................

भएको भए कुन कारबाही भएको हो? सकिने अवधि उल्लेख गर्नुहोस.......................

ख. अध्यादेशको दफा २८ बमोजिम तह वृद्धि हुने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको...................

ग. असाधारण/ अध्ययन विदामा बसेको/नबसेको ....................

बसेको भए सोको अवधि उल्लेख गर्नुहोस..........................

घ. निलम्बनमा परेको/नपरेको................................

ङ. पेशासँग सम्बन्धित व्यवसायी परिषद्को प्रमाणपत्रको अवधिः.................................

६. माथि उल्लेखित विवरण ठीक छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला भनी सहीछाप गर्नेः

कर्मचारीको नाम,थर .........................

संकेत नं .......................................

पद.........................................

सही र मितिः...............................

| ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

झापा गाउँपालिका

## तहवृद्धिको निर्णय

( कार्यालयको प्रयोजनका लागि )

क. आवेदक कर्मचारीले समायोजन हुनु पूर्व र समायोजन पश्चात गरी हालको तहमा पूरा गरेको सेवा अवधिः........................ वर्ष, ......................महिना, ............................दिन ।

ख. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अंक र सोको औषतः

अ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

आ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

इ. आ.व. ............../................ को प्राप्ताङ्क ..........................................

औषत प्राप्ताङ्क ......................................................

ग. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा २८ को उपदफा (१) तथा तहवृद्धि कार्यविधि,२०८० को दफा ६ को उपदफा (१) बमोजिमको न्यूनतम योग्यता तथा मापदण्ड पुरा गरेको देखिएकाले निजलाई हाल कार्यरत तहबाट समान सेवा, समूह, उपसमूह र पदमा एक तहवृद्धि गर्ने निर्णय गरिएको छ।

निर्णय मितिः-............................................ तहवृद्धि निर्णय लागू हुने मितिः-.........................

तहवृद्धि हुने तह- .........................................   सेवाः-..............................................

समूह/उपसमूहः-............................................ पदः..................................................

| ......................... | ......................... | ......................... |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |
| नाम,थर | नाम,थर | नाम,थर |
| संकेत नं | संकेत नं | संकेत नं |

(कार्यालयको छाप)

छाप

अनुसुची २

(दफा ८ को उपदफा (४) सँग सम्बन्धित)

**झापा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

टाघनडुब्बा, झापा, कोशी प्रदेश, नेपाल

मितिः.............

**विषयः** <u>तह वृद्धि सम्बन्धमा ।</u>

महाशय,

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ........ एवं अर्जुनधारा नगरपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० को दफा.... बमोजिम तहवृद्धिसिफारिस समितिको मिति ........ गतेको सिफारिसबमोजिमतपाईलाई देहाय बमोजिम तह वृद्धि गरिएको छ ।

तह वृद्धि हुनु भएकोमा बधाई छ।

| हालको पद,तह, सेवा/समूह, कार्यालय | तह वृद्धि भएको पद,तह, सेवा/समूह, कार्यालय |
|---|---|
| पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः | पदः<br>तहः<br>सेवा/समूहः<br>कार्यालयः<br>जेष्ठता लागू हुने मितिः |

श्री

(संकेत नं.......)

(................)

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, टाघनडुब्बा, झापा ।

..............................................................................................................

झापा गाउँपालिका

मिति २०८०/०२/२२ गते बसेको गाउँ कार्यपालिकाको बैठकबाट माथि उल्लेख भए बमोजिमको स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० पारित भएको व्यहोरा प्रमाणित गर्दछु ।

आज्ञाले,
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत

झापा गाउँपालिका